निर्णय नं. १

मिति २०७५/०४/२३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ६ अनुसार भोटेओडार एकिकृत स्वास्थ्य केन्द्र निर्माण सुधारको लागि प्राविधिक लागत ईष्टिमेट बमोजिमको रकम आ.व. ०७५/०७६ को नगर स्तरीय पूर्वाधार विकास कार्यक्रमबाट स्वीकृत गरी कार्यान्वयन गर्न निर्णय भए अनुसार प्राविधिकबाट उक्त कार्यको लागि कुल लागत रु.८७१२८९।२५ हुने गरी लागत ईष्टिमेट तयार भएको। लागत ईष्टिमेट तयार भए पश्चात उक्त कार्यक्रमलाई उपभोक्ता समितिबाट कार्यान्वयन गरिने भएकोले सम्बन्धित उपभोक्ता समितिले १० प्रतिशत जनसहभागिता रकम व्यहोर्ने गरी यस कार्यालय र सम्बन्धित उपभोक्ता समिति बीच २०७५/०५/०८ गते सम्झौता भएको। यस प्रकारले उक्त कार्यक्रमलाई कार्यान्वयनमा लगिएकोमा खरीद र निर्माण सम्बन्धी कार्य भएकोले जनसहभागिता जुट्न नसकेकोले योजना पूरा गर्न समस्या परेको भनी वडा अध्यक्ष श्री मोति प्रसाद गुरुङबाट आजको बैठकमा जानकारी गराई उपभोक्ता समितिको श्रमदान बराबरको रकम उपभोक्ता समितिलाई उक्त कार्यका लागि अनुदान उपलब्ध गराईदिन सिफारिस गर्नु भए बमोजिम जनश्रम नबेहोरीकन लागत ईष्टिमेट अनुसारको सम्पूर्ण रकम सम्बन्धित उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २

यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत सबै विद्यालयहरुको आ.व. २०७४/०७५ को अन्तिम लेखा परीक्षण गर्नका लागि सूचना प्रकाशन गरी नियम अनुसार कारवाही अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ३

यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथ संस्थागत विद्यालयहरुलाई निम्न अनुसारको विवरण तयार गरी नगरपालिका कार्यालयमा पठाउनका लागि पत्राचार गरी अनुरोध गर्ने र सो को लागि शिक्षा शाखा प्रमुख श्री वीर बहादुर गुरुङले आवश्यक समन्वयात्मक कार्य गर्ने निर्णय गरियो।

निम्न

१. आ. व. २०७४/०७५ सम्म सम्बन्धित विद्यालयको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेका बैंक खाता र खातामा रहेको मौज्दात रकम,
२. विद्यालयले अन्यत्र ऋण लगानी गरेको भए कसलाई, कति लगानी गरेको हो सो को विवरण,
३. विद्यालयको आन्तरिक ऋण भए को सँग, कति छ सो को विवरण।

उपरोक्त बमोजिमका विवरणहरु पठाउँदा पछि सम्म फरक नपर्ने गरी विद्यालय व्यवस्थापन समितिको बैठकले निर्णय गरी पठाउन अनुरोध गर्ने।

निर्णय नं. ४

सुन्दरबजार नगरपालिका वडा नं. ६ घर भएकी सान्नानी नेपालीले मिति २०७५/०५/२५ गते परेको अविरल वर्षाबाट घर अगाडि पहिरो गई ४ कोठे RCC पक्की घर धरापमा परेको हुँदा उक्त घर संरक्षणका लागि आर्थिक सहयोग उपलब्ध गराई दिन अनुरोध गरेको पत्र आजको बैठकमा पेश भई छलफल भयो। सो सम्बन्धमा विपद जोखिम न्यूनिकरणका लागि पीडित सान्नानी नेपालीलाई रु.१०००० (रू. दश हजार) आर्थिक सहायता सम्बन्धित मिल्दो शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५

आ.व. २०७५/०७६ को स्वीकृत वडास्तरीय कार्यक्रम अनुसार वडा नं. ७ मा संचालन हुने भीमसेन टोल विशालबजार मेन वजारको पीच सुधार योजनाका लागि नगर सभाबाट स्वीकृत बजेट रु ५ लाख रहेकोमा उक्त कार्यको लागि प्राविधिक लागत ईष्टिमेट गर्दा कुल लागत रु. १०७०७३७।३९ लाग्ने देखिएकोले सम्बन्धित उपभोक्ता समितिका तर्फबाट नपुग रकम

नगरपालिकासँग अनुदान माग गर्ने गरी निवेदन प्राप्त भएको र सो सम्बन्धमा वडाध्यक्ष श्री जयराम रेग्मीको सिफारिस वमोजिम उक्त योजनालाई बढीमा रु ५ लाख नगरपालिका स्तरीय पुर्वाधार विकास कार्यक्रमबाट विनियोजन गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६

सुन्दरबजार नगरपालिका कृषि विकास शाखा परिसरमा मौषमी तथा वेमौषमी तरकारी प्रदर्शन तथा तरकारी विरुवा स्रोत केन्द्र स्थापनाका लागि कृषि विकास शाखा प्रमुख श्री रामचन्द्र सेढाईले पेश गर्नु भएको प्रस्ताव उपर आजको वैठकमा छलफल गरी सो प्रस्ताव स्वीकृत गरी प्रस्ताव अनुसारको रकम नगरपालिका स्तरीय पुर्वाधार विकास कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

सर्वोच्च अदालतबाट जारी रिट नं. ०७४-WO-०३१२ मिति २०७४/१०/१५ को उत्प्रेषण सम्बन्धी यस नगरपालिका कार्यालयलाई लिखित जवाफ पेश गर्नका लागि आएको म्याद सूचना सम्बन्धी फाईल आजको वैठकमा पेश भई जानकारी भयो। सो सम्बन्धमा प्रत्युत्तर/लिखित जवाफ सम्मानित सर्वोच्च अदालत समक्ष पेश गर्नका लागि यस नगरपालिकाका तर्फबाट कार्यपालिका सदस्य एवं विधायन समितिका संयोजक श्री सुरेश कुमार दुरालाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ८

सुन्दरबजार अस्पतालको च.न. ७६ मिति २०७५/०७/१६ गतेको पोष्टमार्टम भवन निर्माणका लागि रकम उपलब्ध गराईदिनें सम्बन्धमा प्राप्त पत्र आजको वैठकमा पेश भई छलफल भयो। सो सम्बन्धमा पोष्टमार्टम भवन निर्माणका लागि प्राविधिक लागत ईष्टिमेट बमोजिमको रकम नगरपालिका स्तरीय पूर्वाधार विकास कार्यक्रम शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

सुन्दरबजार अस्पतालको च.न. ७८ मिति २०७५/०७/१६ गतेको ल्याव असिस्टेन्टको दरबन्दी खाली रहेको सम्बन्धमा प्राप्त पत्र आजको वैठकमा पेश भई छलफल भयो। सो सम्बन्धमा पत्रबाट माग भए बमोजिमको व्यवस्थाका लागि श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं लाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १०

यस नगरपालिका भित्र रहेका प्राथमिक विद्यालयहरु मध्ये अति न्युन संख्यामा विद्यार्थी रहेका विद्यालयहरुको भावि नीति सम्बन्धमा छलफल गर्न उक्त विद्यालयहरुका व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुलाई नगरपालिकामा आमन्त्रण गरी वैठक गर्ने निर्णय गरियो।

निर्णय नं. ११

शुभ दिपावली तथा छठ पर्व, २०७५ का सु-अवसरमा नगर प्रमुख एवं नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरबासी आमा बुवा, दाजु भाई तथा दिदी बहिनीहरुमा सु-स्वास्थ्य, दीर्घायु तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै आम संचारलाई शुभकामना सन्देश प्रशारण गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं १२

यस नगरपालिका स्थित श्री भू.पू सैनिक आवासीय मा.वि., भोटेवडार लमजुङको मिति २०७५/०४/१७ को पत्रानुसार उक्त विद्यालयले उच्च माध्यामिक शिक्षा परिषद्को च.नं. ६१९ मिति २०६९/०५/०२ को पत्रानुसार शै.स. २०६९ देखि शिक्षा र वाणिज्य विषयमा कक्षा ११, १२ संचालन अनुमति प्राप्त भएको तर शिक्षा विषय तर्फ विद्यार्थी नभएको कारणले कक्षा संचालन भएको नपाईएको तथा यस शै.सं. २०७५ देखि कक्षा ११ देखि शिक्षा विषय तर्फको कक्षा संचालन गर्न माग भएकोले आवश्यक पूर्वाधार एवं मापदण्ड भित्र रहने गरी उक्त विद्यालयलाई शै.स. २०७५ देखि माग वमोजिम शिक्षा विषय संचालन अनुमति दिने निर्णय गरियो।

२०७५/०७/१६